# प्रदेश सभा सचिवलाय

लुम्विनी प्रदेश

मुकाम: बुटवल, नेपाल

(सुचना प्रकाशित मिति २०७७/१२/११)

प्रदेश सभा सचिवलायबाट प्रदेश सभा, प्रदेश सभाका समितिहरु र प्रदेश सभा सचिवालयका गतिविधि समेटेर प्रदेश सभा सचिवालयले तोकेको ढाँचामा " **प्रदेश सभाको सेरोफेरो** " नामक रेडियो कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेको हुँदा रेडियो कार्यक्रम उत्पादन र प्रशारणको लागि "लुम्बिनी प्रदेश, प्रदेश सभाको टेलिभिजन तथा रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण सम्बन्धी निर्देशिका, २०७७" बमोजिम तोकिएको योग्यता पुगेका इच्छुक प्रस्तावदाताले उक्त निर्देशिकामा तोकिएको प्रक्रिया पुरा गरि रेडियो कार्यक्रम उत्पादनको लागि र रेडियो कार्यक्रम प्रशारणको लागि प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावदाताले रेडियो कार्यक्रम उत्पादन र प्रशारणको लागि एउटा मुख्य खाम भित्र आर्थिक प्रस्तावको एउटा खाम र प्राविधिक प्रस्तावको अर्को खाम राखि सबै खाममा सिलवन्दी लाहछाप लगाई प्रस्ताव पेश गर्नु पर्ने छ। रेडियो कार्यक्रम उत्पादन र प्रशारण दुवैमा प्रस्ताव पेश गर्न चाहने संस्थाले छुटाछुटै प्रस्ताव पेश गर्नु पर्ने छ । प्रस्तावदाताले यो सुचना प्रकाशित भएको १५ दिन भित्र कार्यालय समयमा भित्रै प्रस्ताव दर्ता गरि सक्नु पर्ने छ । निर्देशिका र कार्यक्रमको ढाँचा सचिवालयको वेभसाईट pradeshsabha.p5.gov.np /Download/34 बाट प्राप्त गर्न सकिने छ । रेडियो कार्यक्रम उत्पादनको लागि एउटामात्र रेडियो कार्यक्रम उत्पादक संस्था छनोट गरिने छ र सो संस्थावाट उत्पादित सामाग्रिमात्र अन्य रेडियोलाई प्रशारण गर्न दिईने छ । रेडियो कार्यक्रम प्रशारणको लागि लुम्बिनी प्रदेशका प्रत्येक जिल्लावाट १/१ वटा रेडियो छनोट गरिने छ । निर्देशिकामा तोकिए वमोजिम योग्यता नपुगेका र सचिवालयको लागत अनुमान भन्दा बढि दर प्रस्ताव गर्ने संस्था छनोट प्रक्रियामा समावेश हुने छैनन् । थप जानकारीको लागि प्रदेश सभा सचिवालयमा सर्म्पक गर्न वा वेभ साईट हेर्न सकिने छ ।